नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(……………… अनुमतिपत्र महाशाखा ……………)

फोन नं. ४४७४८५२, ४४८०२७६, ४४७८०८५, ४४८०३२६, ४४८०४२५, ४४९६८००, ४४८१६१४, ४४७६१९०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७५/७६
च.नं.:- ६८५

मितिः २०७५/०७/२९

**विषयः- सुपर हेवा ज.वि.आ को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।**

श्री सुपर हेवा पावर कम्पनी प्रा. लि.
काठमाडौं, नेपाल
फोन नं.: ०१-४३८८३०७, ४३८८२९९, ९८५११७९२८९

उपरोक्त विषयमा त्यस कम्पनीले सुपर हेवा ज.वि.आ को विद्युत उत्पादन अनुमतिपत्रको लागि दिएको दरखास्त उपर कारवाही हुँदा निम्न वमोजिम कागजात/विवरणहरु नपुग देखिएकाले उक्त नपुग कागजात/विवरणहरु पूर्ण रुपमा अन्तिम पटक ७ (सात) दिनको समयावधि भित्र विभागमा पेश गर्नुहुन विभागको मिति २०७५/०७/२०को निर्णयानुसार अनुरोध गरिन्छ । साथै, सम्पूर्ण प्रतिलिपिहरु notarize गरी पेश गर्नुहुन समेत अनुरोध गरिन्छ ।

१ आयोजनाको अध्ययन प्रतिवेदन र Design Drawing को soft copy
२ आयोजना क्षेत्रका प्रमुख संरचनाको रेखाङ्कन तथा Coordinate सहितको सक्कल टोपो नक्सा
३ निर्माण कार्य तालिका (Construction Schedule)
४ कंपनीको अद्यावधिक शेयर लगत को soft copy (scanned वा /image file मान्य नहुने)
५ सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारीनामा,पत्राचार गर्ने स्पष्ट ठेगाना(पोष्ट बक्स नं. र ईमेलसहित) र अख्तियारी प्राप्त व्यक्तिको परिचय-पत्र एवं सम्पर्क नंबर
६ परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत
७ आयोजनामा हुने स्वपूंजी र ऋणको अनुपात खुल्ने जानकारी
८ कुनै प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु पर्ने
९ आयोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिबद्धताको प्रमाणित प्रतिलिपि
१० कम्तिमा अघिल्ला दुई आर्थिक वर्षमध्ये एक आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth को प्रमाणित प्रतिलिपि तथा आवश्यकतानुसार तल उल्लेखित विवरण

आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बीच भएको सम्झौताको प्रमाणित प्रतिलिपि

कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौताको प्रमाणित प्रतिलिपि

(सक्रिय न्यौपाने)
इन्जिनियर